फान नं.: ०५७-५२७१०४
०५७-५२७१०५
प्रमुख/फ्याक्स : ०५७-५२७१०६

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्या : ०७५/०७६
चलानी नं.: ४२६

मितिः २०७५/११/२३

**विषय : सामुदायिक नमूना विद्यालय छनौट र अनुदान कार्यान्वयन कार्यविधि पठाइएको बारे ।**

श्री शिक्षा विकास तथा समन्वय इकाइ
मकवानपु, चितवन, धादिङ, नुवाकोट, रसुवा, ललितपुर, भक्तपुर,
काठमाडौ, काभ्रे, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली ।

प्रस्तुत विषयमा यस निर्देशनालयलाई प्राप्त अख्तियारी तथा कार्यक्रम अनुसार सामुदायिक माध्यमिक विद्यालय छनौटको कार्यक्रम रहेको र सो सम्बन्धमा सामुदायिक नमूना विद्यालय छनौट सम्बन्धी माननीय मन्त्रीस्तरीय निर्णय मिति २०७५/११/२२ मा स्वीकृत भएकोले यस शिक्षा विकास निर्देशनालयले सो कामको लागि सार्वजनिक सूचना समेत प्रकाशित भएकोले नमूना विद्यालय छनौट र अनुदान कार्यविधि २०७५ यसैसाथ संलग्न गरी पठाइएको छ । प्रकाशित सुचना र कार्यविधि बमोजिम पेश हुन आएका आवेदनहरु सङ्कलन एवं प्रारम्भिक मूल्याङ्कनका लागि अनुरोध छ ।

११/२३

दिनेशकुमार श्रेष्ठ
का.मु.निर्देशक

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
फोन नं.: ०५७-५२७१०४
०५७-५२७१०५
प्रमुख/फ्याक्स : ०५७-५२७१०६

# शिक्षा विकास निर्देशनालय

प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्या :
चलानी नं.:

मितिः २०७५/११/२७

**विषय : सामुदायिक माध्यमिक विद्यालयहरुले नमूना विद्यालय छनौटको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालय, प्रदेश नं.३ हेटौडाबाट यस निर्देशनालयलाई प्राप्त आ.व. २०७५/०७६ को कार्यक्रम अनुसार यस प्रदेश भित्रका सामुदायिक माध्यमिक विद्यालयहरुमध्ये २० ओटालाई नमूना विद्यालयको रुपमा विकास गर्ने कार्यक्रम रहेकोले सामाजिक विकास मन्त्रालय प्रदेश नं. ३ हेटौडाबाट स्वीकृत "सामुदायिक नमूना विद्यालय छनौट मापदण्ड तथा अनुदान कार्यान्वयन कार्यविधि २०७५" निर्देशिकामा उल्लेखित न्यूनतम शर्तहरु पुरा भएका इच्छुक सामुदायिक माध्यमिक विद्यालयहरुले नमूना विद्यालय छनौटको मापदण्ड तथा अनुदान कार्यान्वयन कार्यविधि २०७५ को अनुसूची १ को ढाँचामा आवेदन र अनुसूची-२ बमोजिमको ढाँचामा विवरण फाराम भरेर मिति २०७५ चैत्र मसान्त भित्र तपसिलमा उल्लेखित आवश्यक कागजात सहित शिक्षा विकास तथा समन्वय इकाइहरुमा आवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै कार्यान्वयन कार्यविधि निर्देशनालयको वेभसाइट www.cred.gov.np मा हेर्न तथा डाउनलोड गर्न सकिनेछ ।
पुनश्च : प्रदेश नं. ३ भित्रका सबै शिक्षा विकास तथा समन्वय इकाइहरुले आवेदन फाराम संकलन एवं कार्यविधिमा व्यवस्था भए बमोजिमका कार्य गर्नु गराउनु हुन समेत अनुरोध छ ।

२०७५।११।२८

दिनेशकुमार श्रेष्ठ
का.मु.निर्देशक

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**

१. जग्गाधनी प्रमाण पत्र वा भोगाधिकार पत्रको प्रतिलिपि ।
२. विद्यालय अनुमति पत्रको प्रतिलिपि ।
३. वि.व्य.स. को प्रतिवद्धताको निर्णय प्रतिलिपि ।
४. स्थानीय तहको सिफारिस ।
५. पछिल्लो तीन वर्षको SEE परीक्षाको मार्कलेजर सिटहरुको प्रतिलिपि ।
६. पछिल्लो लेखा परीक्षण, सामाजिक परीक्षण प्रमाण, अद्यावधिक SIP ।
७. शैक्षिक सत्र २०७५ को शुरुमा भरेको तथ्याङ्क विवरण ।

"सामुदायिक नमूना विद्यालय छनौट मापदण्ड तथा अनुदान कार्यान्वयन कार्यविधि-२०७५"

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

प्रदेश नं. ३

हेटौडा, मकवानपुर, नेपाल ।

१. पृष्ठभूमी :

नेपालको संविधान २०७२ मा राज्यले अबलम्बन गर्ने नीतिमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँ दै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने उल्लेख गरिएको छ । यसको लागि गुणस्तरीय शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूको व्यवस्थापन गर्नु अपरिहार्य हुन्छ । नेपालमा विद्यालय शिक्षाको पहुँ चमा पछिल्ला दशकहरूमा व्यापक विस्तार भएको छ । तर शिक्षाको गुणस्तरीयतामा प्रश्न उठ्ने गरेको छ । सामुदायिक विद्यालयहरूले शिक्षा विकासमा उल्लेख्य योगदान पुऱ्याएको भएतापनि वर्तमान समयमा ती विद्यालयहरूले प्रदान गरेको शिक्षाको गुणस्तरमा धेरै टिकाटिप्पणी हुने गरेका छन् । सामुदायिक विद्यालयहरूले प्रदान गर्ने शिक्षाको गुणस्तरमा सुधार ल्याउन नमूना विद्यालयको विकास र सञ्चालनको आवश्यकता बारे धेरै अगाडि देखि छलफल, बहस र अभ्यास हुँ दै आएको छ । अत: सामुदायिक विद्यालयहरूलाई समुदाय, अभिभावक तथा विद्यार्थीहरुको रोजाइको विद्यालयको रुपमा विकास गर्नु आवश्यक छ । यसको लागि हाल सञ्चालन भएका केही सामुदायिक विद्यालयहरूलाई नमूना विद्यालयको रुपमा विकास गर्न आवश्यक छ ।

यसै तथ्यलाई मध्यनजर गरी विद्यालय क्षेत्र विकास योजना (२०७३/०७४ - २०७९/०८०) मा शिक्षण सिकाइ तथा विद्यार्थीको सिकाइ उपलब्धिमा हुने सुधारको प्रदर्शन गर्न १००० ओटा नमुना विद्यालयको विकास गर्ने कार्यक्रम राखिएको छ । सोही अनुसार आ.व. २०७३/०७४ देखि नमूना विद्यालय विकास गर्ने कार्यको थालनी भएको छ । नमूना विद्यालयहरूमा छुट्टै प्रधानाध्यापक पदको व्यवस्था, विषयगत शिक्षकहरूको व्यवस्था, विपत् जोखिम न्यूनीकरणको पूर्वाधार, विज्ञान प्रयोगशाला, सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइ केन्द्र, अतिरिक्त क्रियाकलाप, उपचारात्मक शिक्षण, सुधारिएको शिक्षण सिकाइ व्यवस्था गर्ने लक्ष्य राखिएको छ ।

हाल प्रदेश नं. ३ मा सञ्चालनमा रहेका सामुदायिक माध्यमिक विद्यालयहरूमध्ये क्षमता र संभावना रहेका केही विद्यालयहरूलाई नमूना विद्यालयको रुपमा विकास गरी अन्य विद्यालयहरूलाई ती विद्यालयहरूमा गरिएका असल अभ्यासहरू अङ्गिकार गर्न अभिप्रेरित गरी सम्पूर्ण सामुदायिक विद्यालयहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने केन्द्रको रुपमा विकास गर्नु अति आवश्यक देखिन्छ । अत : उच्चतम् क्षमता र संभावना बोकेका केही सामुदायिक विद्यालयलाई नमूना विद्यालयको रुपमा छनौट गर्न तथा विद्यालयमा निकासा गरिने अनुदान व्यवस्थित रुपमा खर्च गर्न यो ***"सामुदायिक नमूना विद्यालय छनौटको मापदण्ड तथा अनुदान कार्यान्वयन कार्यविधि,२०७५"*** तयार गरिएको छ ।
नमूना विद्यालय छनौट गर्दा संघीय सरकार र प्रदेश सरकारबाट छनौटमा दोहोरोपन नहुने तथा स्रोतको व्यवस्थापनमा समन्वय गरिने छ ।

२. विद्यालय छनौटका आधार

उच्चतम् क्षमता र संभावना बोकेका विद्यालयहरूलाई नमूना विद्यालयको रुपमा विकास गर्नु उपयुक्त हुने भएकोले विद्यालय छनौटका आधारमा भौतिक, शैक्षिक, उत्तरदायित्व र पारदर्शिता, विद्यालयको सिकाइ उपलब्धि र शैक्षिक सुशासनका पक्षलाई समेटी मुख्यत दुई आधार लिइनेछ :

क. छनौटमा प्रतिस्पर्धा गर्न चाहने विद्यालयमा हुनुपर्ने न्यूनतम शर्तहरु:

यस प्रदेशभित्र सञ्चालनमा रहेका तत्कालिन शिक्षा विभागबाट नमूना विद्यालय छनौट नभएको इच्छुक सामुदायिक माध्यमिक विद्यालयहरुले छनौटका लागि अनुसूची १ को ढाँ चामा निवेदन दिनुपर्ने छ । यसरी आवेदन गर्ने विद्यालयहरुले अनिवार्य रुपमा निम्न लिखित शर्तहरू पूरा गरेको हुनु पर्नेछ । साथै आवश्यक कागजात संग्लन गर्नु पर्नेछ ।

शर्तहरु

अ) बालविकास देखि कक्षा १२ सम्म सञ्चालन भएको हुनुपर्ने छ ।

आ) विद्यालयको नाममा पर्याप्त जग्गा हुनु पर्ने छ । बाल विकास केन्द्र देखि कक्षा १२ सम्म पढाइ गर्न कक्षाकोठा, पुस्तकालय, विज्ञान प्रयोगशाला, ICT कक्ष, प्रधानाध्यापक तथा शिक्षक कक्ष, अडिटोरियम हल, चमेना गृह, खानेपानी, शौचालय,

छात्रावास, शिक्षक आवास तथा सबै विद्यार्थीहरुलाई भेला गर्न पुग्ने पर्याप्त मैदानका लागि कम्तिमा १० रोपनी जग्गा हुनु पर्ने छ । यदि एकै प्लटमा जग्गा नभएमा प्लटहरु शैक्षिक क्रियाकलाप सञ्चालन गर्न मिल्ने गरी नजिकको दूरीमा (कक्षा लिन जानेआउने दूरीमा करिब ५०० मिटर) हुनु पर्दछ । विद्यालयको नाममा लालपूर्जा वा आधिकारिक भोगाधिकार पत्र भएको जग्गा हुनुपर्ने छ ।

इ) दैविक तथा प्राकृतिक प्रकोपको दृष्टिकोणले विद्यालय सुरक्षित स्थानमा रहेको हुनुपर्नेछ । विद्यालयको भौगोलिक अवस्थिति पहिरो तथा बाढीको जोखिमबाट सुरक्षित हुनु पर्छ । जोखिमबाट सुरक्षित छछैन भन्ने दुविधा भएमा सम्बन्धि निकाय जस्तै जिल्ला दैविक प्रकोप उद्दार समितिबाट सिफारिश गरेको हुनु पर्नेछ ।

ई) विद्यालय व्यवस्थापन समितिको लिखित प्रतिवद्धता र स्थानीय तहको सिफारिस हुनु पर्ने छ । विद्यालय व्यवस्थापन समितिले सामाजिक विकास मन्त्रालय र शिक्षा विकास निर्देशनालयबाट नमूना विद्यालय विकास गर्नको लागि समय समयमा प्राप्त हुने निर्देशन अनुरुप कार्य गर्ने लिखित प्रतिवद्धता जाहेर गरेको हुनुपर्ने छ । स्थानीय तहबाट विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्न सहयोग र समन्वय गर्ने भन्ने राय सहितको सिफारिश गरेको हुनु पर्नेछ ।

उ)सामुदायिक विद्यालयमा सामान्यतया प्रत्येक कक्षा (१ देखि १२) मा सरदरमा हिमालमा ४०, पहाडमा ४५ र तराईमा ५० जना विद्यार्थी सङ्ख्या भएको हुनु पर्नेछ । यदि नजिकको कुनै विद्यालय समायोजन हुने प्रक्रियाको अन्तिम चरण पुगेको भए समायोजित हुने विद्यार्थी सङ्ख्या समेत गणना हुनेछ ।

ऊ) विद्यालयलाई उत्तरदायी र पारदर्शी बनाउनको लागि व्यवस्था गरिएको सामाजिक परीक्षण र लेखा परीक्षण नियमानुसार सम्पन्न गरेको, नियमित रुपमा तथ्याङ्क पेश गरेको, सिकाई उपलव्धी सुधार उन्मुख भई योजना बनाएको, अभिभावक भेला गरेको, सह तथा अतिरिक्त क्रियाकलाप गरेको, विद्यालय सुधार योजना अद्यावधिक गरेको हुनुपर्नेछ ।

नमूना विद्यालयको रुपमा छनौट हुन अनुसूची १ बमाजिमको आवेदन र अनुसूची २ को नमूना विद्यालय छनौट विवरण फाराम भरेर आवश्यक कागजातहरु सहित सूचनाको म्याद भित्र पेश गर्नुपर्नेछ ।

**ख.न्यूनतम शर्त पूरा गरेका विद्यालयहरुमध्ये छनौटका लागि अङ्क**

न्यूनतम शर्त पूरा गरेका विद्यालयहरुमध्ये छनौटका लागि सूचक, अङ्कभार प्रदान र गणना विधि :

माथि **क**) मा उल्लेख भएका सबै शर्त पूरा भएका विद्यालयहरुमध्येबाट कूल १०० पूर्णाङ्कलाई आधार तथा सूचक बमोजिम अङ्कभार विभाजन गरी ती सूचकहरुको मापनको आधारमा सबैभन्दा धेरै अङ्क प्राप्त गर्ने विद्यालयलाई उच्चतम् क्षमता बोकेको विद्यालय मानी छनौट गरिनेछ । यसका लागि **अनुसूची ३** बमोजिमको सूचक, अङ्कभार र गणना विधिलाई आधार मानिनेछ । उपरोक्त बमोजिम अङ्क गणना गर्दा अङ्क बराबर भएमा जेष्ठ विद्यालयलाई प्राथमिकता दिइनेछ ।

ग. छनौटसम्बन्धी अन्य व्यवस्था

अ) शिक्षा विकास निर्देशनालयले सार्वजनिक सूचना जारी गर्नेछ । यसका साथै निर्देशनालयको website मा सूचना अपलोड गरिने छ । शिक्षा विकास तथा समन्वय इकाइहरूसँ ग समन्वय गरी विद्यालयहरूलाई सूचना दिने व्यवस्था समेत गरिने छ ।

आ) सूचनाका आधारमा आवश्यक न्यूनतम शर्तहरू पूरा गरेका विद्यालयहरूबाट आवश्यक कागजात सहित ईच्छुक विद्यालयले शिक्षा विकास तथा समन्वय इकाइहरू मार्फत तोकिएको समय भित्र निवेदन गर्नुपर्नेछ । निवेदन सङ्कलन गर्ने म्याद समाप्त भएको १५ दिन भित्र शिक्षा विकास तथा समन्वय इकाइले सूचाङ्कको आधारमा मूल्याङ्कन गरी निर्देशनालयमा बुझाउने छ ।

इ) छनौट कार्यको लागि निर्देशनालयले नमूना विद्यालय छनौट समिति गठन गर्ने छ ।

ई) नमूना विद्यालय छनौट समितिले शिक्षा विकास तथा समन्वय इकाइहरूबाट प्राप्त विवरण पुनरावलोकन गरी संभावित विद्यालयहरूको सूची तयार गर्नेछ ।

उ) शिक्षा विकास निर्देशनालयले सामाजिक विकास मन्त्रालयको प्रतिनिधि सहितको टोलीद्धारा प्रत्येक जिल्लाका उच्चतम अङ्क पाएका तीनओटा सूचिकृत विद्यालयहरुको स्थलगत अध्ययन गरी भेरिफिकेशन गर्ने छ ।

ऊ) भेरिफिकेशन गरी आएको सूचनाको आधारमा नमूना विद्यालय छनौट समितिले निर्णय गरी विद्यालयको नाम सिफारिश गर्ने छ । शिक्षा विकास निर्देशनालयले मन्त्रालयबाट स्वीकृत लिएर नमूना विद्यालय छनौट गर्नेछ ।

ए) प्रत्येक जिल्लाबाट कम्तिमा एकओटा विद्यालय छनौट गरिने छ । एउटा गाउँ पालिका/नगरपालिकाबाट एउटामात्र विद्यालय छनौट गरिने छ । उपमहानगरपालिका /महानगरपालिकामा बढीमा दुईओटा नमूना विद्यालय छनौट गर्न सकिने छ । यसरी छनौट गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्र (तत्कालिन शिक्षा विभाग) ले छनौट गरेको विद्यालय सङ्ख्यालाई समेत गणना गरिनेछ ।

ऐ) विद्यालय छनौट सम्बन्धी उजुरी तथा गुनासो सुन्ने निकाय शिक्षा विकास निर्देशनालय, प्रदेश नं. ३ हुनेछ । साथै यसमा उल्लेखित सूचकहरू कार्यान्वयनमा कुनै दुविधा पर्न गएमा सामाजिक विकास मन्त्रालय, प्रदेश नं. ३ ले गरेको व्याख्या तथा निर्देशन अनुसार हुनेछ ।

## ३. नमूना विद्यालय छनौट समिति

नमूना विद्यालय छनौटमा आवेदन दिएका विद्यालयहरु छनौट गर्न निम्न अनुसारको छनौट समिति रहने छ ।

| | | |
|---|---|---|
| क) | उपसचिव, शिक्षक सेवा शाखा शिक्षा विकास निर्देशनालय | संयोजक |
| ख) | प्रतिनिधि, शैक्षिक योजना तथा अनुसन्धान महाशाखा, सामाजिक विकास मन्त्रालय | सदस्य |
| ग) | प्रतिनिधि, राष्ट्रिय परीक्षा बोर्ड | सदस्य |
| घ) | इकाई प्रमुख, शिक्षा विकास तथा समन्वय इकाइ (निर्देशनालय रहेको जिल्ला) | सदस्य |
| ङ) | शा. अ. शिक्षक सेवा शाखा, शिक्षा विकास निर्देशनालय | सदस्य-सचिव |

## ३.१ नमूना विद्यालय छनौट समितिको काम, कर्तव्य र अधिकार

क) शिक्षा विकास तथा समन्वय इकाइ मार्फत विद्यालयहरूबाट पेश भएका कागजातहरू तोकिएको मूल्याङ्कनको आधारमा पुनरावलोकन गरी सुचीकृत गर्ने ।

ख) भेरिभिकेशन कार्यदलले दिएको अङ्क र समितिले दिएको अङ्क भिडाइ आवश्यक परेमा कार्य टोलीका सदस्य वा विद्यालयसँ ग सर्म्पक गरी यकिन गर्ने ।

ग) आवेदन दिएका विद्यालयहरुमध्ये उच्च अङ्क प्राप्त गरेका प्रत्येक जिल्लाबाट तीनओटा विद्यालयको नाम सिफारिश गर्ने ।

## ४. नमूना विद्यालयले अनुदान खर्च गर्ने प्रक्रिया

नमूना विद्यालयका लागि छनौट भएका विद्यालयहरूले नमूना विद्यालय अनुदान कार्यान्वयन तथा व्यवस्थापनको लागि शिक्षा विकास निर्देशनालय, प्रदेश नं. ३ सँ ग सम्झौता गर्नुपर्नेछ ।

शिक्षा विकास निर्देशनालयले परामर्शदाता छनौट गरी विद्यालयसँ ग समन्वय गरेर प्रत्येक विद्यालयको DPR तयार गर्न लगाउने छ । त्यसको समेत आधार लिई प्रत्येक विद्यालयले **"नमूना विद्यालय विकास गुरुयोजना"** तयार गरी निर्देशनालयमा बुझाउनु पर्ने छ । निर्देशनालयले सो गुरु योजना सम्बन्धित स्थानीय तहको सिफारिशमा स्वीकृत गर्ने छ ।

निर्देशनालयले प्राप्त बजेट र कार्यक्रम अनुसारको अनुदान रकम सम्झौता गरी विद्यालयमा पठाउनेछ । सम्झौता पछि प्राप्त गरेको बजेटबाट विद्यालयले स्वीकृत गुरुयोजना र कार्यविधिको परिधिभित्र रहेर न्यूनतम पूर्वाधारहरुको प्राथमिकता तयार गरी वि.व्य.स.बाट निर्णय गराइ कार्य प्रारम्भ गर्नुपर्नेछ । नमूना विद्यालय कार्यान्वयनका लागि प्राथमिकताका क्षेत्रहरु :

क. ICT ल्याव, विज्ञान प्रयोगशाला, भाषा प्रयोगशाला, पुस्तकालय व्यवस्थापन ।

ख. स्वीकृत गुरु योजनाका भौतिक निर्माण तथा शैक्षिक विकासका कार्य ।

ग. स्वीकृत स्पेशिफिकेशन, लागत अनुमान, डिजाईन गरेर मात्र गर्ने ।

घ. भौतिक निर्माण कार्य गर्दा खरिद दिग्दर्शन, सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली र प्रचलित आर्थिक ऐन, नियम भित्र रही गर्ने ।

ङ. नमूना विद्यालयका कार्यहरुको अनुगमन प्रतिवेदन स्थानीय तह, शिक्षा विकास निर्देशनालयमा उपलव्ध गराउने ।

५. अनुदान व्यवस्थापन

नमूना विद्यालय सञ्चालनका लागि प्राप्त हुने रकम विद्यालयको खातामा जम्मा हुनेछ ।

क. विद्यालयले यस कार्यविधि बमोजिम विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार निर्धारित शीर्षकमा खर्च गर्नुपर्नेछ ।

ख. नमूना विद्यालयमा अन्य सरकारी, आन्तरिक र स्थानीय तहबाट प्राप्त बजेट रकम खर्च गर्दा छुट्टाछुट्टै स्रोत खुलाइ वि.व्य.स.को निर्णय गराउनु पर्नेछ ।

ग. नमूना विद्यालय प्रयोजनार्थ सामग्री, निर्णय प्रतिलिपि, खरिद र निर्माण सम्बन्धी विल तथा भरपाईहरु प्रमाणित गरी राख्नु पर्नेछ । विद्यालयले निर्धारित समयमा प्रतिवेदन पेश गर्ने र आर्थिक प्रशासन नियमावली अनुसार हिसाव राखी लेखापरीक्षण गराउनु पर्नेछ ।

नमूना विद्यालयले कार्य सम्पन्न गरेपछि नियमानुसार फरफारक गर्न निर्माण तथा खरिद गरेको प्रमाणको स्पष्ट देखिने फोटो, वि.व्य.स.को खर्च रकम र शीर्षक उल्लेख भएको निर्णय विद्यालयको पत्र, स्थानीय तहको कार्य सम्पन्न पत्र, सामग्री खरिद लगायतका सम्बन्धित प्रमाणित विल र भरपाईहरु संलग्न गरी शिक्षा विकास निर्देशनालयमा पेश गर्नु पर्ने छ ।

अनुसूची-१

नमूना विद्यालय छनौटका लागि दिइने आवेदन

श्रीमान निर्देशकज्यू

शिक्षा विकास निर्देशनालय

प्रदेश नं. ३, हेटौडा, मकवानपुर ।

**विषय : नमूना विद्यालय छनौट सम्बन्धमा ।**

प्रस्तुत विषयमा शिक्षा विकास निर्देशनालयको ............... को .................... मा प्रकाशित सूचना अनुसार श्री.................................... विद्यालयले "सामुदायिक नमूना विद्यालय छनौट र अनुदान कार्यान्वयन कार्यविधि-२०७५" मा तोकिएका न्यूनतम् शर्तहरु पूरा गरेकोले नमूना विद्यालयको रुपमा छनौट गरिदिनु हुन देहायका विवरण सहित निवेदन गरिएको व्यहोरा अनुरोध छ ।

तपसिल

विद्यालयको नाम :.......................................................................

ठेगाना :

................................ पालिका................... वार्ड नं........................ टोल/गाउँ

फोन नं.: .....................................

फ्याक्स नं. : ..........................

इमेल :

वेवसाइड :

संचालित कक्षा :

प्रधानाध्यापकको

नाम :

दस्तखत :

मिति :

फोन नं./मोवाइल नं.

**निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु**

१. जग्गाधनी प्रमाण पत्र वा भोगाधिकार पत्रको प्रतिलिपि
२. विद्यालय अनुमति पत्रको प्रतिलिपि
३. वि.व्य.स.को प्रतिवद्धताको निर्णय प्रतिलिपि
४. स्थानीय तहको सिफारिस
५. पछिल्लो तीन वर्षको SEE परीक्षाको मार्कलेजर सिटहरूको प्रतिलिपि
६. लेखा परीक्षण, सामाजिक परीक्षण, अद्यावधिक SIP
७. शैक्षिक सत्र २०७५ को शुरुमा भरेको तथ्याङ्क विवरण ।

**अनुसूची-२**

**नमूना विद्यालय छनौटको लागि विवरण फाराम**

**विद्यालयको विवरण**

विद्यालयको नाम ..........................................

ठेगाना: ...........................जिल्ला ..........................पालिका, वडा नं. .........टोल ................................

<table>
<tr><th>क्र.सं.</th><th>सूचक</th><th>विवरण</th></tr>
<tr><td>१.</td><td>माध्यमिक तह (११-१२) मा पढाइ हुने विषय</td><td>क) विज्ञान......<br>ख) बाणिज्य ........<br>ग) मानविकि ............<br>घ) शिक्षा .............<br>ङ) अन्य ......</td></tr>
<tr><td>२.</td><td>विद्यालयको नाम जग्गा</td><td>क) .....................विगाह वा............. रोपनी</td></tr>
<tr><td>३.</td><td>विद्यार्थी सङ्ख्या</td><td>क) पूर्व प्राथमिक तहको विद्यार्थी सङ्ख्या :<br>ख) आधारभूत तहको (कक्षा १-८) विद्यार्थी सङ्ख्या :<br>ग) माध्यमिक तहको (कक्षा ९-१२) विद्यार्थी सङ्ख्या :</td></tr>
<tr><td>४.</td><td>SEE को नतिजा (पूरक परीक्षा सहित) विगत पछिल्लो ३ वर्ष</td><td>
<table>
<tr><th>विवरण</th><th>शैक्षिक सत्र २०७२</th><th>शैक्षिक सत्र २०७३</th><th>शैक्षिक सत्र २०७४</th></tr>
<tr><td>सम्मिलित सङ्ख्या</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="4">GPA प्राप्त गर्ने विद्यार्थी सङ्ख्या</td></tr>
<tr><td>GPA</td><td>शैक्षिक सत्र २०७२</td><td>शैक्षिक सत्र २०७३</td><td>शैक्षिक सत्र २०७४</td></tr>
<tr><td>३.६५ देखि ४.० सम्म</td><td></td><td></td><td></td></tr>
<tr><td>३.२५ देखि ३.६० सम्म</td><td></td><td></td><td></td></tr>
<tr><td>२.८५ देखि ३.२० सम्म</td><td></td><td></td><td></td></tr>
<tr><td>२.४५ देखि २.८० सम्म</td><td></td><td></td><td></td></tr>
<tr><td>२.०५ देखि २.४० सम्म</td><td></td><td></td><td></td></tr>
<tr><td>१.६५ देखि २.०० सम्म</td><td></td><td></td><td></td></tr>
<tr><td>१.२५ देखि १.६० सम्म</td><td></td><td></td><td></td></tr>
<tr><td>०.८५ देखि १.२० सम्म</td><td></td><td></td><td></td></tr>
<tr><td>० देखि ०.८० सम्म</td><td></td><td></td><td></td></tr>
</table>
</td></tr>
<tr><td>५.</td><td>विद्यालयको अवस्थिति</td><td>क) विद्यालय हाताभित्र गाडी पुग्ने वा गाडी पुग्ने स्थानबाट विद्यालयसम्मको दुरी :<br>ख) नगरउन्मुख तथा शहरीकरण भइरहेको स्थानमा विद्यालय भए नभएको<br>ग) दुई वा दुई भन्दा बढी गाउपालिका तथा नगरपालिकाको दुई वा दुई भन्दा बढी वडाका बालबालिका पायक पर्ने भए नभएको<br>घ) विद्यालयको आफ्नै वा नजिकमा १५ मिनेटको पैदल दूरीमा सार्वजनिक खेल मैदान ( कम्तिमा फुटबल खेल्न मिल्ने) भए नभएको</td></tr>
<tr><td>६.</td><td>विद्यालयमा उपलब्ध सुविधाहरु</td><td>क) छुट्टै कोठामा विज्ञान प्रयोगशाला छ छैन<br>ख) छुट्टै कोठामा ICT/Computer कक्ष छ छैन<br>ग) विद्यालयमा विद्युत सुविधा छ छैन<br>घ) इन्टरनेट सुविधा छ छैन<br>ङ) पुस्तकालय छ छैन</td></tr>
<tr><td>७.</td><td></td><td>क) गत आ.व.का चालु सामाजिक परीक्षण गराएको छ छैन<br>ख) गत आ.व.को लेखा परीक्षण गराएको छ छैन<br>ग) सिकाई उपलब्धी सुधार उन्मुख भई योजना बनाएको छ छैन<br>घ) कक्षागत अभिभावक भेला गरेको छ छैन<br>ङ) विद्यालय सुधार योजना अद्यावधिक गरेको छ छैन</td></tr>
</table>

# अनुसूची-३

## नमूना विद्यालय छनोट विवरण फाराम

नमूना विद्यालय छनौट गणना सूचकहरु :

| क्र.सं. | गणना सूचक | अङ्क भार | गणना विधि |
|---|---|---|---|
| १. | माध्यमिक तह (११-१२) मा पढाइ हुने विषय | १० | क) विज्ञान विषय मात्र पढाइ हुने भए - ७ अङ्क<br>ख) विज्ञान बाहेक अन्य एक विषय पढाइ हुने भए - ५ अङ्क<br>ग) विज्ञान बाहेक अन्य दुई विषय पढाइ हुने भए - ७ अङ्क<br>घ) विज्ञान र अन्य एक विषय पढाइ हुने भए - १० अङ्क |
| २. | जग्गाको पर्याप्तता | २० | क) १० रोपनी जग्गा भएमा - १० अङ्क<br>क) न्यूनतम जग्गा भन्दा ३३% बढी भएमा - १२ अङ्क<br>ख) न्यूनतम जग्गा भन्दा ३४ - ६६% बढी भएमा- १४ अङ्क<br>ग) न्यूनतम जग्गा भन्दा ६७ - ९०% बढी माथि भएमा- १६ अङ्क<br>घ) न्यूनतम जग्गा भन्दा ९१% वा सो भन्दा बढी भए- २० अङ्क |
| ३. | विद्यालय विद्यार्थी अनुपात | २० | क) आधारभूत तह १-८, माध्यमिक तह ९-१२ को विद्यार्थी अनुपात अलग अलग गणना हुने<br>ख) आधारभूत तहको लागि अधिकतम १० अङ्क, माध्यमिक तहको लागि अधिकतम १० अङ्क प्रदान गरिने<br>ग) आधारभूत तह (कक्षा १ - ८) मा विद्यार्थी औषत अनुपात शिक्षा नियमावलीमा तोकिएको भन्दा<br>• कम भएमा - ४ अङ्क<br>• बरावर भएमा - ६ अङ्क<br>• ३०% देखि ५०% सम्म बढी भएमा - ८ अङ्क<br>• ५१% भन्दा बढी भएमा - १० अङ्क<br>घ) माध्यमिक तह (कक्षा १ - ८) मा विद्यार्थी औषत अनुपात शिक्षा नियमावलीमा तोकिएको भन्दा<br>• कम भएमा - ४ अङ्क<br>• बरावर भएमा - ६ अङ्क<br>• ३०% देखि ५०% सम्म बढी भएमा - ८ अङ्क<br>• ५१% भन्दा बढी भएमा - १० अङ्क |
| ४. | SEE नतिजा | २० | क) पछिल्लो ३ वर्षमा SEE मा औषत ४० जना सहभागी गरेको हुनुपर्ने र ३ वर्षको औषत अङ्क गणना गरिने छ । एक वर्षको अङ्क निम्न सूत्रबाट निकालिने छ ।<br>$\frac{\sum(\text{GPA} \times \text{No. of students obtaining GPA}) \times 20}{\text{Total no. of appeared students} \times 4}$<br>Obtained score = $\frac{\text{Score of } (2072 + 2073 + 2074)}{3}$ |
| ५. | विद्यालयको अवस्थिति | १० | क) विद्यालयसम्म मोटरबाटो पहुँचको लागि अधिकतम् २ अंङ्क दिने<br>• विद्यालयको हातासम्म पुग्ने सडक भए - २ अङ्क<br>• विद्यालयको हातादेखि १ कि.मि. सम्म टाढा भए - १ अङ्क<br>• विद्यालयको हातादेखि १ कि.मि. भन्दा टाढा भए - ० अङ्क<br>ख) नगरउन्मुख तथा शहरीकरण भइरहेको स्थानमा विद्यालय भए -२ अङ्क<br>ग) दुई वा दुई भन्दा बढी गाउपालिका/नगरपालिका तथा नगरपालिकाको दुई वा दुई भन्दा बढी वडाका बालबालिका पायक पर्ने भए -२ अङ्क<br>घ) विद्यालयको आफ्नै वा नजिकमा १५ मिनेटको पैदल दूरीमा सार्वजनिक खेल मैदान (फुटबल खेल मैदान) भए - ४ अङ्क |
| ६. | विद्यालयमा उपलब्ध सुविधा | १५ | क) छुट्टै कोठामा सामग्री सहित विज्ञान प्रयोगशाला भएमा ३ अङ्क |

| क.सं. | गणना सूचक | अङ्क भार | गणना विधि |
| --- | --- | --- | --- |
| | | | ख) छुट्टै कोठामा ICT/Computer कक्ष (कम्तिमा २० ओटा कम्प्यूटर) भएमा ३ अङ्क<br>ग) विद्यालयमा विद्युत सुविधा भएमा ३ अङ्क<br>घ) इन्टरनेट सुविधा भएमा ३ अङ्क<br>ङ) पुस्तकालय पुस्तक सहित भएमा ३ अङ्क |
| ७. | जवाफदेहिता र पारदर्शिता | ५ | क) गत आ.व. को सामाजिक परीक्षण गराएको भए १ अङ्क<br>ख) गत आ.व. लेखा परीक्षण गराएको भए १ अङ्क<br>ग) सिकाई उपलव्धी सुधार उन्मुख भई योजना बनाएको भए १ अङ्क<br>घ) कक्षागत अभिभावक भेला गरेको भए १ अङ्क<br>ङ) विद्यालय सुधार योजना अद्यावधिक गरेको भए १ अङ्क |